गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
## कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र, पर्वत
कुश्मा, नेपाल

# आवेदन पेश गर्ने सम्बन्धी सूचना

मितिः २०८१/४/२९

कृषि ज्ञान केन्द्र, पर्वतको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक पर्वत जिल्ला भित्रका विभिन्न कृषक, कृषि फर्म, कृषि कम्पनि, कृषि समूह तथा कृषि सहकारी संस्थाले मिति २०८१/०५/२६ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरुका साथ यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | **फलफूलबाली विकास आयोजना** | | | | |
| क | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५० | १२ हे क्षेत्रफल | १८ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भइ न्युनतम ३० रोपनी क्षेत्रफलमा खेति गर्नु पर्ने । |
| ख | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | ५० | १२ हे क्षेत्रफल | ७.२ | |
| २ | **तरकारी बाली प्रवर्द्धन आयोजना** | | | | |
| क | व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम | ५० | १ पटक | १९ | कृषि फर्म, कम्पनीले खुल्ला जमिनमा २ रोपनी क्षेत्रफलमा वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल र कृषि समूह/सहकारीले खुल्ला जमिनमा १० रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र ७०० वर्ग मिटर क्षेत्रफलमा संचालन गर्नु पर्ने। |
| ३ | **खाद्यान्नबाली प्रवर्द्धन आयोजना** | | | | |
| क | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | ५० - ८५ | २५ हे क्षेत्रफल | २५ | कम्तीमा १० घरधुरी संलग्न मार्फत न्युनतम १०० रोपनी क्षेत्रफलमा कृषि समूह वा सहकारी संस्था मार्फत संचालन गर्नुपर्ने। |
| ४ | **समुदायस्तरमा प्रशोधनयोग्य/ खायन आलु प्रवर्धन आयोजना** | | | | |
| क. | खायन आलु उत्पादन प्रवर्धन कार्यक्रम (बीउमा सहयोग, यान्त्रिकरण सहयोग, सिंचाई पूर्वाधार निर्माण सहयोग, आलुको प्याकिङ्ग तथा बजारीकरण, बिमा शुल्कमा अनुदान) | ५० - ८५ | १०० हे क्षेत्रफल | १२७.१३ | कृषक समूह वा सहकारी संस्था मार्फत समुदायस्तरमा १० घरपरिवार संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेति गरेको हुनु पर्ने। कार्यक्रम सञ्चालन गर्ने समूहले बिमा अनिवार्य गर्नु पर्नेछ। |
| ख. | बीउ आलु उत्पादनमा सहयोग कार्यक्रम | ५०-८५ | १० हे. | ८.५ | बीउ उत्पादन हुने समूह वा सहकारी मार्फत सञ्चालन हुने |
| ५ | **मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम** | **५०** | **१ पटक** | **१०** | **अदुवा, बेसार, लसुन, प्याज, खुर्सानी आदी खेती कृषि फार्म / कम्पनीको हकमा १० रोपनी र समूह / सहकारीको हकमा ५० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने ।** |
| ६ | **बीउ उत्पादन प्रवर्धन आयोजना** | | | | |
| क | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | ५० | ८ हेक्टर | १२ | बीउ उत्पादन (खाद्यान्न, तरकारी बाली, आलु, तेलहन र दलहन) का लागि स्रोत बीउ खरिद, बीउ संकलन, ड्राईङ्ग, ग्रेडिङ, प्याकेजिङ्ग, लेबलिङ सामाग्री खरिद भण्डारण र बजारीकरणमा |

फोन नं.: ०६७-४२०१३०  ई-मेलः akcparbat@gmail.com  वेवसाईटः www.parbat.akc.gov.np

परशुराम अधिकारी
प्रमुख

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, पर्वत
कुश्मा, नेपाल

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्थापन गर्न सकिने । |
| ७ | **रैथाने बाली प्रवर्धन आयोजना** | | | | |
| क | रैथानेबाली उत्पादन प्रवर्धन कार्यक्रम | ५० | ७ हे क्षेत्रफल | ७ | कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने कृषक समूह वा सहकारी संस्थामार्फत सञ्चालन हुने |
| ख | रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन कार्यक्रम | ५० | १ पटक | २.५ | कृषि फर्म/कृषि कम्पनी/कृषि समूह/कृषि सहकारी मार्फत सञ्चालन हुने |
| ८. | **सुन्तलाजात फलफूल विकास आयोजना** | | | | |
| क | सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम, यान्त्रिकरण सहयोग, सिंचाई सहयोग, सुन्तलाजात फलफूल बगैंचा सुदृढीकरण, बिमा शुल्कमा अनुदान) | मापदण्ड अनुसार | ५३ हेक्टर | ११५ | मापदण्डमा तोके बमोजिम |

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव

२. सोही प्रकृतिको कार्यक्रमका लागि अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।

३. सम्बन्धित स्थानिय तह कृषि शाखाको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको) ।

४.खेति विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ) ।

५.कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको बैठक वसि सो को निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT को प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि,

६. व्यक्तिगत कृषकको हकमा नागरिताको प्रतिलिपि

पुनश्च : माथि उल्लिखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धि स्वीकृत/संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ। साथै उल्लिखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रकृया अघि बढ्ने छैन।

**थप जानकारीको लागिः ०६७-४२०१३० मा सम्पर्क गर्न सकिने छ ।**

परशुराम अधिकारी
प्रमुख

फोन नं.: ०६७-४२०१३०   ई-मेलः akcparbat@gmail.com   वेबसाईटः www.parbat.akc.gov.np